# आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम



## लुम्बिनी साँस्कृतिक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### लुम्बिनी, रूपन्देही

### लुम्बिनी प्रदेश, नेपाल

# लुम्बिनी साँस्कृतिक नगरपालिकाको तर्फबाट नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रम,नगर प्रमुख श्री सजरुद्धीन मुसलमानज्युबाट प्रस्तुत गरिएको आ व ०७९।८० को बार्षिक नीति तथा कार्यक्रम

यस सम्मानित नगरसभामा उपस्थित नगरसभाका उपाध्यक्ष ज्यू, नगर कार्यपालिका सदस्य ज्युहरु तथा नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै राष्ट्रसेवक कर्मचारीहरु एवं संचार कर्मी मित्रहरु

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम लुम्बिनी साँस्कृतिक नगरपालिकाको नवौं नगरसभामा आर्थिक वर्ष २०७९।०८० को नीति, योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महसुश गरेको छु। यस अवसरमा नेपालको सार्बभौमसत्ता, स्वतन्त्रता, अखंड़ता, स्वाधीनता एवं संघीयता, गणतन्त्र र लोकतन्त्र एवं राष्ट्रको आर्थिक सामाजिक र राजनीतिक रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धा सुमन प्रकट गर्दै वहाँहरुको योगदानको कदर र स्मरण गर्न चाहन्छु।

नेपालको संविधान जारि भए पश्चात दोस्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । यस आवधिक निर्वाचनबाट नगर प्रमुखको रुपमा निर्वाचित गरि लुम्बिनी साँस्कृतिक नगर पालिकाको सेवा गर्ने अवसर प्रदान गर्नु हुने आम नगर बासिमा हार्दिक धन्यवाद र आभार प्रकट गर्न चाहन्छु । नागरिकको घर दैलोमा सेवा प्रदान गर्ने संयन्त्रको रुपमा रहेको स्थानीय तहको निर्वाचनले सुशासन विकास र सेवा प्रवाह थप प्रभावकारी हुने बिश्वास लिएको छु ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक एवम् पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको नगरपालिका भएर पनि विकासको गतिमा अघि बढ्नको लागि हाम्रा सामु अनेकन चुनौतिहरु विद्यमान छन्।तथापि विश्व समुदायमा नेपाल र नेपालीको सम्मान र पहिचान स्थापित गराउने धरोहरको रुपमा रहेको लुम्बिनीको विकास अपरिहार्य रहेको छ .बिगत दुई वर्ष देखि विश्व ब्यापी रुपमा फैलिएको र हाल कोभिड १९ को असर सामान्य हदै गएको छ। बिगतमा संक्रमितको पहिचान, उपचार एवं संक्रमण नियन्त्रणमा अग्रपंक्तिमा रहेर सहयोग गर्नुहुने स्वास्थ्य कर्मी,

सुरक्षाकर्मी, सरसफाइ कर्मी, एम्बुलेन्स चालक तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी एवं नागरिक समाजको उच्च प्रसंशा गर्दछौं। यस महामारीबाट ज्यान गुमाउनुभएका नागरिकहरु प्रति  हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजन प्रति समवेदना व्यक्त गर्दछौं ।

**नगर सभाका आदरणीय उपाध्यक्ष एवम् सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०७८/७९  को नीति तथा कार्यक्रमको मार्गदर्शक सिद्धान्त र उद्देश्यहरूका बारेमा प्रकाश पार्ने अनुमति चाहन्छु ।

- नेपालको संविधानको अनुसूची ८ मा उल्लिखित स्थानीय तहको अधिकार,
- नेपालको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१),
- संघीय अर्थ मन्त्रालयको नीति तथा बजेट निर्माण सम्बन्धी मार्गदर्शन,
- नेपालको लागि दिगो विकासको लक्ष्य २०३०,
- प्रादेशिक आर्थिक मामिला तथा योजना मन्त्रालयको सिद्धान्त,
- चालु आर्थिक वर्षको केन्द्रिय बजेट वक्तव्य
- लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रथम आवधिक योजना (आ.व. २०७९/८० — २०८३/८४

नै स्थानीय तहको नीति, योजना, कार्यक्रम र बजेट निर्माण गर्ने मार्गदर्शक सिद्धान्त रहेका छन् ।

यस भन्दा पछि स्थापना भएका नगरपालिकाहरु विकास र सम्मृदिको पथमा उल्लेख्य प्रगती हासिल गरिसकेको सन्दर्भमा हामीलाई समेत  नगर र नागरिकको तिव्र विकासमा लाग्न दवाव सिर्जना भएको छ । चालु आर्थिक बर्षलाई "**विकास र सम्वृद्धि तर्फ अग्रगामी छलाङको बर्ष"** हुने गरी नीति र कार्यक्रम  तर्जुमा गरिएको थियो।नगरको समग्र सुशासन प्रवर्धन, गुणस्तरीय र उत्थानशील पूर्वाधार विकास एवं आर्थिक सामाजिक रुपान्तरणका कार्यक्रमहरुले आगामी दिनमा नागरिकको विकास प्रतिको उर्लंदो आकांक्षालाई साकार पार्ने विश्वास लिएको छु ।चालु आर्थिक वर्षमा निर्माण गरिएको लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रथम आवधिक योजना (आ.व. २०७९/८० — २०८३/८४) ले लुम्बिनीको विकासका लागि संरचनागत आधार

तयार गरेको छ। आगामी आर्थिक वर्षमा  विकासको गतिलाई द्रुतता प्रदान गर्ने र सोही अनुरुप नै बजेट विनियोजन गरिने लक्ष्य राखेको छु ।

गरिवी, बेरोजगारी, असमानता र पछौटेपन संस्कृति नै विकासको मुलभुत बाधकको रुपमा रहेकोमा मौलिक संस्कृतिको संरक्षण गर्दै आर्थिक सामाजिक रुपान्तरणका लागि उन्नत संस्कृति र प्रविधीको अवलम्वन गरिनेछ। लैङ्गिक समानता र सामाजिक समावेशिकरणको नीति अनुरुप समावेशी लोकतन्त्र र समावेशी विकास अवधारणालाई आगामी नीति तथा कार्यक्रममा समावेश गरेको छु । परम्परागत कला, सस्कृति, सिप र प्रविधिलाई रोजगारी र आय आर्जन संग आवद्ध गरी गरिवी न्युनिकरणका लागि पहल गरेको छु ।

**कृषि, पर्यटन र पुर्वाधारः सम्मृद नगरको आधार** भन्ने मान्यताका साथ  कृषि क्षेत्रको आधुनिकिकरण र व्यवसायिकरण, पर्यटन सेवालाई ग्रामीण तह सम्म विस्तार गर्न **पर्यटकीय विकेन्द्रिकरण (Tourism Decentralizaton)** एवं दिगो र उत्थानशिल पुर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राखेको छु। नगरको समग्र शैक्षिक गुणस्तर सुधारका लागि नगर शिक्षा विकास कोष लगायतका महत्वकांक्षी नीतिहरु अघि सारेको छु। उच्च महत्वका रोजगारी सिर्जना, आय आर्जन, पर्यटन प्रवर्धन र समृद्धिको खम्बा हुन सक्ने नगरस्तरीय गौरवका योजनाहरुलाई थप प्रभाव रुपमा अगाडि बढाउने नीति लिइएको छ।

जोश, जाँगर सिप र प्रविधीले युक्त भएर पनि  पुँजी अभावका कारण  स्वरोजगार हुन नसकेका युवाहरुका लागि उद्यम व्यवसाय सन्चालनका लागि विशेष व्यवस्था सहितको नीति अघी सारेको छु ।

**शुद्ध बुद्ध ऋषिमन समृद्ध नगर सुखि नगरबासी हाम्रो अभियान** भन्ने मान्यतालाई आत्मसात गरी विकास र सेवाप्रवाहलाई स्वच्छ निश्पक्ष पारदर्शि र प्रविधिमैत्रि बनाई यस नगरलाई सुशासनको केन्द्र ( Centre for Good Governance ) को रुपमा विकास गरिने नीति लिएको छु ।

**उपर्युक्त पृष्ठमुमीमा यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमका उद्देश्यहरु निम्नानुसार रहेकाछन्:**

१) कोभिड-१९ का कारण नगरपालिकाको आर्थिक र सामाजिक अवस्थामा परेको असर कम गरी नागरिकको जनजीवन र विकास निर्माणको कार्यलाई सामान्य अवस्थामा ल्याउने ।

२) रोजगार गुमाएर फर्केकाहरुको लागि सुरक्षित, मर्यादित र सम्मानित रोजगारको सुनिश्चितता गर्ने ।

३) पूर्वाधार विकासलाई दीगो र गुणस्तरीय बनाउन नवीनतम प्रविधिको प्रयोग गर्ने ।

४) आधुनिक र सुबिधा सम्पन्न स्वास्थ्य पुर्वाधार निर्माण गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने ।

५) महिला बालबालिका र ज्येष्ठ नागरिकको स्वास्थ्य उपचार र सामाजिक सुरक्षालाई विशेष प्राथमिकतामा राख्ने ।

६) नगरको शैक्षिक गुणस्तर सुधार गर्ने ।

७) विद्यालय शिक्षा देखि नै गुणस्तरीय शिक्षा प्रदान गरी आदर्श नैतिकवान र अनुशासित नागरिक तयार गर्ने ।

८) कृषि पेशालाई मर्यादित र समानित पेशाको रुपमा स्थापित गर्ने ।

९) पर्यटकीय क्षेत्रहरुको पहिचान र विकास गरी ग्रामीण तह सम्म पर्यटकीय लाभको विस्तार गर्ने ।

१०) लुम्बिनीको पर्यटन गुरुयोजना निर्माण गरी गुणस्तरीय पर्यटन पूर्वाधारको विकास र रोजगारी सृजना गर्ने ।

११) लुम्बिनीको सरसफाई र फोहोरमैला व्यवस्थापन गरी स्वच्छ, सफा र हराभरा नगरको रुपमा स्थापित गर्ने।

१२) नगरपालिकाको राजश्व वृद्धिका क्षेत्रहरुको पहिचान आन्तरिक आम्दानि वृद्धि गर्ने ।

१३) कृषि, शिक्षा, पर्यटन, श्रममूलक सार्वजनिक निर्माण, साना तथा घरेलु उद्यमको प्रवर्द्धनद्वारा नगरपालिका भित्रै रोजगारीको अवसर सिर्जना गर्ने।

१४) सूचना प्रविधिको उपयोगितामा दक्षता बृद्धि गर्दै सेवा प्रवाहमा प्रभावकारिता ल्याउने ।

१५) पदाधिकारी र कर्मचारीलाई संघीयता र स्थानीय स्वशासन एवं स्थानीय विकासको अवधारणासँग परिचित गराई संस्थागत विकास, सुशासन र सेवा प्रवाहलाई गतिशील बनाउने ।

**आदरणीय नगर सभाका उपाध्यक्ष एवम् सदस्य ज्यूहरु,**

अब म आ.व. २०७९।८० का लागि लुम्बिनी साँस्कृतिक नगरपालिकाको समग्र विकास नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. कृषि विकास तथा भूमि व्यवस्थापन सम्बन्धी नीति**

१. कोराना महामारीबाट रोजगार गुमाएका स्वदेशमा रहेका तथा विदेशबाट फर्किएका नागरिकहरूलाई व्यावसायीक बाली सघनता अपनाएर आवश्यक तालिम, मल, विउ विजन उपलब्ध गराई कृषि पेशामा रोजगारीको सिर्जना गरिनेछ ।

२. कृषि कार्यक्रम योजना निर्माण र प्रभावकारी संचालन एवं कार्यान्वयनका लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र लुम्बिनी गार्डेन फाउन्डेसन, कृषि विज्ञ सँग समन्व सहकार्य गरिनेछ ।

३. सबै वडाहरूमा माटो परीक्षण गरी उपयुक्त बीउ मल सिफारिस गर्ने र स्थानीय सम्भावनाका आधारमा **एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम**लाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

४. खाद्य सुरक्षा, खाद्य स्वच्छता प्रवर्द्धन तथा नियमन गर्न कार्यविधी तयार गरी कार्यान्वयन गरिनेछ

५. नगरपालिकाभित्र उत्पादित खाद्यान्न धान, गहुँ, तरकारी, फलफुल तथा किसानले उत्पादन गर्ने मुख्य बालीहरुको उत्पादन लागतको मुल्याङकन गरेर उचित बचतको सुनिश्चितता हुने गरी न्यूनतम समर्थन मुल्य तोकिनेछ ।

६. कृषि क्याम्पस र कृषि प्राविधिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई इन्टर्नसीप र कार्यथलो मै तालिम(OJT) कार्य गराउने व्यवस्था गरी अध्ययनरत विद्यार्थीलाई पढाईसँगै आय आर्जन गर्ने व्यवस्था मिलाइनेछ ।

७. बिउ, विजन मल  आदिमा कृषक तथा कृषक समुहहरुलाई अनुदानको ब्यवस्था मिलाईनेछ ।

८. कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि एवम कृषि पेशाको व्यवसायीकरण एवम विविधिकरणका  लागि विकसित प्रविधिहरुको विषयमा तालिम सन्चालन गरी कृषि पेशालाई आकर्षक र सम्मानजनक पेशाको रुपमा स्थापित गराइनेछ ।

९. कृषक समूह, समिति, सहकारी र सरकारी तथा गैर सरकारी संघ संस्था तथा स्थानीय तहहरुको साझेदारीमा कृषि कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

१०. अत्याधिक  रुपमा प्रयोग हुँदै आएको रासायनिक बिषादीलाई निरुत्साहित गरी जैविक बिषादीको प्रयोगमा जोड दिँदै जैविक खेती(Ogranic farming)लाई जोड दिईनेछ।

११. उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नका लागि भूमिगत तथा सतह सिंचाईमा विशेष जोड दिईनेछ ।

१२. कृषि सामाग्रीको आपुर्तिकर्ता, उत्पादक, वितरक तथा परामर्शदाताहरुलाइ तालिम तथा नियमनको व्यवस्था मिलाइनेछ।

१३. कृषकहरुको मागमा आधारित अनुदान कार्यक्रमको व्यवस्था मिलाइनेछ।

१४. प्रत्येक वडाहरुमा वाली संरक्षण कार्यक्रम अन्तर्गत बाली उपचार घुम्ती शिविर सञ्चालन गरिनेछ ।

१५. प्रत्येक वडाहरुमा माटो सुधार एवम उर्वराशक्ती बढाउनका लागि **ढैचा विउ अनुदान** साथै अन्य जैविक मल तथा सुक्ष्म तत्त्वको  प्रयोगलाई प्राथमिकता दिइनेछ।

१६. कृषक पाठशाला सञ्चालन गरी कृषकको क्षमता अभिवृद्धी गरी उतपादन र उत्पादकत्वमा वृद्धी गरिनेछ ।

१७. रैथाने बालीको सरक्षण गर्ने कार्यक्रम अन्तर्गत बौद्ध जीवनी सँग सम्बन्धित कालानिमक धान लगायतका बाली उत्पादन गर्ने कृषक एवं समूहलाई प्रोत्साहन गरिनेछ।

१८. स्थानीय प्रजातिका कालानिमक धानबाट उत्पादित चामलको प्याकेजिंग र ब्रान्डीन्ग गरी राष्ट्रिय अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरण गर्न निजी क्षेत्र र कृषक समूहलाई विशेष प्रोत्साहन गरिनेछ ।

१९. **एक घर एक करेसाबारी तथा एक घर एक जडिबुटी एवम एक घर एक फलफुल विरुवा कार्यक्रम**लाई निरन्तरता दिईनेछ।

२०. प्रत्येक घरमा कम्तिमा दुई वटा विरुवा लगाउन प्रोत्साहन गरिनेछ।

२१. वडा नं. १२ भभईमा रहेको तरकारी संकलन केन्द्रलाई निजी एवम सहकारी क्षेत्रको साझेदारीमा सन्चालनमा ल्याइनेछ।

२२. भूमिको वर्गिकरण गरी **भू उपयोग योजना (Land use plan)** कार्यान्वयनमा ल्याइनेछ।

२३. कृषि उत्पादनहरुको बजारीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ।

२४. कम्तिमा ५ कठ्ठा सम्म फलफुल खेती गर्ने किसानलाई फलफुलको विरुवामा पूर्ण अनुदानको व्यवस्था मिलाईनेछ।

२५. सार्बजनिक एवं सरकारी जग्गा, ताल, तलैया, पोखरीहरुको पहिचान र संरक्षण गरिनेछ।

२६. व्यक्ति एवं समूहले करारमा खेती गर्न चाहेमा सार्बजनिक जग्गा लीजमा उपलब्ध गराउन पहल गरिनेछ।

२७. उत्पादक र उपभोक्ता विच सिधा सम्पर्क कायम गरी उचित मुल्यमा सामान किनबेचको लागि मोबाइल एप्स निर्माण गरि प्रयोगमा ल्याइनेछ।

२८. नेपाल सरकार सँग समन्वय गरी जग्गा नापी नभएका गाउँ ब्लक लगायतका क्षेत्रहरुको नाप नक्सा गरी जागा धनी प्रमाण पुर्जा उपलब्ध गराइनेछ।

२९. भुमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान गरी नेपाल सरकारको समन्वयमा व्यवस्थापन गरिनेछ ।

## २.पशु सेवा सम्बन्धी नीति

१) कोरोना संक्रमणका कारण सृजित लकडाउनका कारण दूध, मासु, अण्डा उत्पादक कृषकहरूले बेहोरेको क्षति व्यवस्थापन गर्न र विदेशबाट रोजगार

गुमाई स्वदेश फर्केकाहरूका लागि प्रोत्साहन तथा रोजगार सृजना गर्न विशेष अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

२) पशु जन्य उत्पादनको लागत मुल्य घटाउनुको साथै स्वस्थ पशुपालन प्रणालीको विकास गर्न **घाँस विकास कार्यक्रम** प्राथमिकताका साथ संचालन गरिनेछ।

३) व्यवसायीक माछापालन कार्यक्रमलाई प्रवर्द्धन गर्न सार्वजनिक पोखरीहरुको ठेक्का बन्दोबस्त मिलाइनेछ।

४) पशु उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न **नश्ल सुधार कार्यक्रम** उच्च प्राथमिकताका साथ संचालन गरिनेछ।

५) व्यवसायिक पशुपालन मार्फत रोजगार सृजना गरी युवाहरुलाई नगरभित्रै स्वरोजगार बनाउनका लागि प्रतिस्पर्धि अनुदान उपलब्ध गराई युवा लक्षित पशुपालन कार्यक्रम संचालन गरिनेछ।

६) कृषकहरुलाई सिप हस्तान्तरणद्वारा आधुनिक पशुपालन पद्दति विकास गर्दै लैजाने कार्यक्रममा जोड दिईनेछ।

७) पशुपालन क्षेत्रको विकासमा कृषक समुह समिति, सहकारी, गैर सरकारी संस्था र नगरपालिकाबिच साझेदारी गरिनेछ।

८) दलित जनजाती महिला तथा विपन्न वर्गलाई विशेष प्राथमिकताका साथ कार्यक्रम तर्जुमा गरिनेछ।

९) नगरपालिकामा दुध तथा दुग्ध जन्य पदार्थमा आत्म निर्भर बनाउँदै लैजाने र **डेरि पकेट कार्यक्रम**लाई प्राथमिकताका साथ संचालन गरिनेछ।

१०) दूधको फैट जाँचको आधारमा न्युनतम समर्थन मुल्य तोकिनेछ।

११) पशुपन्छी पालनमा जोड दिई मासु आयात रोकि निर्यातमा जोड दिइनेछ।

१२) पशु स्वास्थ्यलाई मध्य नजर गर्दै **निःशुल्क पशु स्वास्थ्य शिविर, बाझोपन निवारण शिविर** संचालन गरिनेछ ।

१३) खुला सिमाना भएसँगै सरुवा रोगको उच्च जोखिम भएकोले खोप सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

१४) वर्ड फ्लु, खोरेत, पि.पि.आर. जस्ता विषाणुयुक्त रोगहरु जुनसुकै बेला आउटब्रेक हुन सक्ने सम्भावना भएकोले **आकस्मिक पशुपन्छी रोग निवारण कोष** स्थापना गरिनेछ ।

१५) पशु पन्छी विमाको बारेमा अध्ययन गरी प्रिमियममा अनुदानको व्यवस्था मिलाईनेछ ।

१६) पशु हाटबजारलाई थप व्यवस्थित गरिनेछ ।

१७) व्यवसायिक तथा व्यवस्थित माछापालनलाई प्रोत्साहित गरिनेछ। स्थानिय संम्भाव्यताका आधारमा **माछा पकेट कार्यक्रम सन्चालनमा** जोड दिइनेछ ।

१८) पशु विकासको लागि पशु उद्यम कृषकलाई विभिन्न तालिमको व्यवस्था गरिनेछ ।

१९) उच्च प्रजातीका बाख्रा तथा कुखुरा पालन व्यवसायलाई प्रोत्साहन गरी नगरलाई मासु तथा अण्डामा आत्म निर्भर बनाइनेछ।

२०) शान्तिका अग्रदुत भगवान गौतम बुद्धको जन्मस्थल लुम्विनी विकास कोषको पर्खाल वरिपरि पशु वध गर्न नपाईने व्यवस्था मिलाइ प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२१) नगरपालिका क्षेत्र भित्र खुला रुपमा पशु वध गर्न नपाईने व्यवस्था कार्यान्वयन गरिनेछ ।

२२) नगर क्षेत्रभित्र रहेका मासु व्यवसायीहरुको नियमित रुपमा अनुगमन गरी स्वच्छ मासु विक्री वितरण गराउन आवश्यक पहल गरिनेछ।

२३) नगर क्षेत्र भित्र पशु बधशाला स्थापनाका लागि आवश्यक परियोजना तयार गरी सन्चालनमा ल्याउन निजी क्षेत्रलाई आकर्षित गरिनेछ।

२४) उच्च प्रजातिका बाख्रा एवं बोका अनुदानमा वितरण गरिनेछ।

**३.सहकारी सम्बन्धी नीति**

१) कृषि उत्पादन, भण्डारण तथा प्रशोधन, आर्थिक बचत तथा ऋण परिचालन, स्थानिय स्रोतको परिचालन एवम गरिबी निवारण सम्बन्धी कार्यक्रममा सहकारीलाई प्रोत्साहित गरिनेछ ।

२) विपन्न, शैक्षिक बेरोजगार, वैदेशिक रोजगारबाट फर्किएका युवालाई सहकारी संस्था मार्फत कर्जा प्राप्त गरी स्थानीय आवश्यकतामा आधारित साना व्यवसायहरू स्थापन गर्न प्रोत्साहित गरिनेछ ।

३) नगरपालिका क्षेत्र भित्र दर्ता  अनुमति बेगर संचालित सह्कारीहरो अनुगमन र नियमन गरी कानूनी दायरामा ल्याइनेछ।

४) सबै सहकारीलाई COPOMIS सफ्टवेयरमा आवद्ध गरिनेछ।सबै सहकारी संस्थाहरुलाई तालिमको व्यवस्था गरिनेछ।

५) सहकारी संस्थाहरुको दर्ता नवीकरण र सन्चालन प्रकृयाको नियमन र अनुगमन गरी सहकारी सुशासन कायम गरिनेछ ।

६) कृषि सहकारी सस्था मार्फत करार खेती तथा सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।

७) सहकारी संस्थाहरुलाई उद्यमशीलता विकास, कृषिको व्यवसायीकरण लगायतका रोजगारी सृजनामा परिचालन गर्न जोड दिइनेछ।

८) कृषि सहकारीको नेतृत्वमा कृषि उत्पादन प्रशोधन तथा बजारीकरणका कार्यक्रमहरु सन्चालन गरिनेछ।

९) सहकारी क्षेत्रहरुलाई थप व्यवस्थित बनाउन सहकारी प्रतिवेदन प्रणाली (Reporting system) लाई थप सुदृढ गरिनेछ।

१०) नगरक्षेत्र भित्र रहेका सहकारीको मुल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालाई सम्मान तथा पुरस्कार (Respect and Reward) को व्यवस्था गरिनेछ ।

## ४. उद्योग, श्रम तथा रोजगार सम्बन्धी नीति

१) स्थानीय श्रम, सीप, स्रोत साधन एवं प्रविधिको प्रयोगलाई बढावा दिई व्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।

२) उद्योग मन्त्रालयको सहयोगमा औद्योगिक ग्राम स्थापनाका लागि पहल गरिनेछ ।

३) लघु घरेलु तथा साना उद्यमीलाई मझौला तथा ठुला उद्योगहरुको सहयोगी उद्यमका रुपमा विकास गर्न सहजिकरण गरिनेछ ।

४) सीपमुलक तालिमलाई प्रोत्साहन गरी घरेलु उद्योग संचालन गरिनेछ ।

५) लघुउद्यम विकास कार्यक्रम मार्फत सिपमुलक तालिम सन्चालन एवम प्रविधि हस्तान्तरण गरी रोजगार सृजना गर्न आवश्यक पहल गरिनेछ ।

६) अपाङ्ग अशक्त तथा महिला वर्गलाई रोजगारी उपलब्ध गराउने उद्यम व्यवसायको दर्तामा ५० प्रतिसत राजश्व छुट दिने व्यवस्था मिलाईनेछ ।

७) स्थानिय श्रम सिप र प्रविधिबाट सन्चालित घरेलु तथा साना उद्दयोगको संरक्षणको व्यवस्था मिलाईनेछ ।

८) तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभ **( comparative and competitive advantage )** का क्षेत्रहरु पहिचान गर्न आवश्यक पहल गरिनेछ ।

९) स्थानिय कृषिजन्य उत्पादन, तरकारी तथा फलफुल एवम माछा मासुको प्रशोधन सम्बन्धी उद्योगलाई प्रोत्साहन गरिनेछ ।

१०) व्यवसायिक सामाजिक उत्तरदायित्व ( corporate social responsibility ) लाई नगरपालिकाको समग्र विकासमा परिचालन गरिनेछ ।

११) वैदेशिक रोजगारबाट फर्केकाहरु तथा स्थानिय युवाहरुको अभिलेखांकन गरी उनीहरुको श्रम र सीपबाट सञ्चालन गर्न सकिने उद्यम व्यवसाय गर्न चाहने उद्यमिहरुका लागि बैंक तथा वित्तिय संस्था सँग सहकार्य गरी **मेयर स्वरोजगार कार्यक्रम** कार्यविधि बनाई सञ्चालन गरिनेछ।

१२) लुम्बिनी नगरभित्र लघु तथा घरेलु उद्योगहरुको सभांव्यताहरुको पहिचान गरी निजि तथा गैर सरकारी क्षेत्रलाई लगानीका लागि आकर्षित गरिनेछ।

१३) नगरपालिकाभित्र रोजगार सूचना केन्द्रको स्थापना गरी निजी क्षेत्र समेतको सहकार्यमा स्थानीय व्यक्तिहरुलाई रोजगारीका संभावित क्षेत्रहरुबारे सूचना तथा जानकारी संप्रेषण गर्न **रोजगार बैंक (Employment Bank)** को स्थापना गरि सञ्चालनमा ल्याइने छ । यसका लागि **रोजगार सूचना प्रणाली ( Employment Information System**) प्रयोगमा ल्याइने छ।

१४) प्रधान मन्त्री रोजगार कार्यक्रममा सूचीकृत श्रमिकहरुलाई नगर पालिकाको विकास निर्माणका अतिरिक्त व्यक्ति विशेष, समूह तथा निजी क्षेत्रले समेत उपयोग गर्न सक्ने गरी परिचालन गरिने व्यवस्था मिलाइनेछ ।

१५) गरिबी न्यूनीकरण तथा रोजगारीको अवसरमा बृद्धि गर्न आवश्यक रणनिति बनाईने छ।

१६) स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारिको प्रत्याभुति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना

संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभुति गराइने छ ।

१७) नगरपालिकामा संचालित संघ, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारबाट नै लगाईने व्यवस्था गरिनेछ ।

१८) नगरपालिका भित्रका बेरोजगारीको अवस्था र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन **रोजगार नक्शांकन** कार्य अघि बढाईनेछ ।

१९) आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी, सहकारी तथा गैह्रसहकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

२०) रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइनेछ ।

२१) बैदेशिक रोजगारी बाट फर्किएका,कोभिड 19 को कारणले रोजगारी गुमाएका युवाहरुलाई पालिकाको सहयोगमा सिपमुलक तालिम दिई आत्मनिर्भर बनाइनेछ।

२२) कामको सम्मान, स्वरोजगार, उचित पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनका लागि पहल गरिनेछ।

**५.पर्यटन सम्बन्धी नीति**

१) निजी क्षेत्र समेतको सहभागितामा नगरभित्र पर्यटनका सम्भावना पहिचान गरी पर्यटक आकर्षण गर्ने मौलिक संस्कृतिको विकास र प्रवर्द्धन गर्ने गरी पर्यटन पुर्वाधारको विकास गरिनेछ ।

२) **लुम्बिनीःशान्ति र ज्ञानको जननी** भन्ने नाराका साथ वि.सं. २०७९ लाई **लुम्बिनी सांस्कृतिक पर्यटन वर्ष**को रुपमा घोषित गरिनेछ। नगरकार्यपालिकाको कार्यालयको समन्वय शाखालाई लुम्बिनी सांस्कृतिक पर्यटन वर्षको सम्पर्क इकाईको रुपमा स्थापित गरिनेछ ।

३) लुम्बिनी क्षेत्रको पर्यटन विकास एवं बुद्धको जीवनी सँग सम्बधित विषयमा लुम्बिनी बौद्ध विश्वविद्यालयसँग समेत समन्वय र सहकार्य गरि अध्ययन अनुसन्धान गरिनेछ।

४) नगरपालिका भित्र रहेका ऐतिहासिक, पुरातात्विक एवं साँस्कृतिक महत्वका सम्पदाहरुको खोजी, पहिचान एवं संरक्षण र सम्वर्धन गर्ने तर्फ विज्ञहरुको परिचालन गरिनेछ।

५) ईकोगार्डेन निर्माण, वेटल्याड संरक्षण, पोखरी संरक्षण र सौन्दर्यीकरण गरी विभिन्न प्रजातिका चराहरुको आगमन र बसाईमा जोड दिईनेछ ।

६) आमा बनबाटिकामा योग ध्यान केन्द्रका लागि पूर्वाधार विकास गरी आमा बनबाटिकालाई **आध्यात्मिक पर्यटन केन्द्र** ( **Spiritual Tourism Center**) को रुपमा विकास गरिनेछ।

७) लुम्बिनी क्षेत्रको **पर्यटकीय विकेन्द्रिकरण** ( **Tourism Decentralization** ) गर्नको लागि लुम्बिनी विकास कोष र अन्य सरोकारवालासँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

८) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई नगर क्षेत्रभित्र रहेका पर्यटकीय स्थल तथा सेवा सम्बन्धी जानकारी गराउन **पर्यटन सूचना केन्द् (Tourism Information Center)** स्थापना गरि आवश्यक जनशक्ति र स्रोत साधनको प्रवन्ध गरिनेछ।
ललितकला प्रज्ञा प्रतिष्ठानको सहकार्यमा लुम्बिनी क्षेत्रको हस्तकलाको प्रवर्धन विकास र बजारिकरणका लागि क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।यसका लागि लुम्बिनीमा बृहत **ललितकला महोत्सव** समेत आयोजना गरिनेछ ।

९) लुम्बिनीको इतिहास र पहिचान सँग जोडिएको **रुमिन्देइ माई मेला**लाई थप व्यवस्थित र मर्यादित बनाई आन्तरिक पर्यटन प्रबर्द्धन गरिनेछ ।

१०) लुम्बिनी क्षेत्रका पर्यटन व्यवसायी, होटेल संघ, उद्योग बाणिज्य संघ तथा अन्य सरोकारवालाहरु समेतको सहभागितामा **लुम्बिनी साँस्कृतिक महोत्सव** आयोजना गरिनेछ ।

११) नगरक्षेत्र भित्र रहेका टोल विकास संस्था समेतको समन्वयमा **होम स्टे** ( **Home Stay** ) सेवा सञ्चालन गर्न मापदण्ड बनाई व्यवसाय दर्तामा पूर्ण छुट सहित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१२) स्थानीय भाषा, साहित्य, कला र संस्कृतिको अभिलेखिकरण गरी प्रचार प्रसार र प्रवर्धन गर्न साहित्यिक सम्मेलन, गोष्ठी, सडक नाटक जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**१३)** पर्यटन विकासका लागि लुम्बिनी देखि भारतको बोधगया, सारनाथ, श्रावस्ती, कुशीनगर, अयोध्या सम्म सिधा बससेवा संचालन गर्न पहल गरिनेछ।

१४) लुम्बिनी विकास कोष र लुम्बिनी क्षेत्र वरिपरिका पालिकहरु सँग सहकार्य गरी लुम्बिनी आवतजावतका लागि लुम्बिनीमा धार्मिक तथा पर्यटकीय उद्देश्यले आउने श्रद्धालुहरुका लागि सुविधा सम्पन्न र स्तरीय बस सेवा संचालन गरिनेछ।

१५) लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका नदीकिनारा, ताल तलैया, पोखरीको सुन्दरीकारण एवं आधुनिक पार्कहरू निर्माण गरी संचालन गर्न पहल गरिनेछ ।

१६) लुम्बिनी क्षेत्रको पर्ताकीय स्थल एवं साँस्कृतिक सम्पदाको बारेमा जानकारी गराउन एवं पर्यटकहरलाई सहजीकरण गर्न स्थानीय **Tourist Guide** तयार गर्न तालिमको व्यवस्था मिलाइनेछ ।

१७) लुम्बिनी विकास कोष सँग समन्वय र सहकार्य गरि विकास कोष भित्र भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय Tourist Guide हरु द्वारा सहजीकरण गरिने व्यवस्था मिलाइनेछ ।

## ६. अन्तर्राष्ट्रिय समन्वय, सहकार्य र सम्बन्ध विस्तार सम्बन्धी नीति

(१) पर्यटन मार्फत नगरको समग्र विकासलाई केन्द्रमा राखी विश्व शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मस्थल रहेको यस नगरपालिका र अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका पालिका City, सरकारी एवं गैर सरकारी संघ संस्थाबीच भगिनी सम्बन्ध तथा सह-सम्बन्ध कायम गरिदै आएकोमा थप विस्तार गरिनेछ ।

(२) अन्तरराष्ट्रिय सम्बन्ध विस्तार सहयोग र अनुभवको आदानप्रदानका लागि उपयुक्त समयमा लुम्बिनी **अन्तर्राष्ट्रिय मेयर सम्मेलन**को आयोजना गरिनेछ ।

(३) लुम्बिनी र लुम्बिनी वरिपरिको क्षेत्रको विकासका लागि राष्ट्रिय अन्तराष्ट्रिय आर्थिक तथा प्राविधिक सहयोग र अनुभवको आदानप्रदान गर्ने नीति अनुसार युरोपको स्पेनका माड्रीड महानगरपालिका, Caceres नगरपालिका, लुम्बिनी गार्डेन

फाउण्डेसन स्पेन, गैर आवासीय नेपाली संघ (NRNA), चिनको छङ्दु प्रान्तको लुसान नगरपालिका, अन्तराष्ट्रिय बौद्ध संस्था चुची फाउन्डेसन (Tzu Chi Foundation), भारतको बोधगया र बुद्ध लुम्बिनी ग्रुप सँग यस नगरपालिकाको संस्थागत सम्बन्ध कायम भएको छ स्थापित सम्बन्धलाई थप सुदृढ बनाई समग्र नगरको विकासमा उपयोग गरिनेछ।

(४) नगरपालिकाको पर्यटन, शिक्षा, खेलकुद, संस्कृति, स्वास्थ्य, कृषि लगायत एकीकृत विकासका लागि राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था सँग समन्वय र सहकार्य गरिनेछ ।

(५) लुम्बिनी र नेपालको पर्यटनको विकासका लागि विश्व शान्ती दुत भगवान गौतम बुद्धको जिवनसँग सम्बन्धित अन्य पालिकाहरुसँग समन्वय र सहकार्य गरी **पर्यटन गुरुयोजना ( Tourism Masterplan)** तयार गरी कार्यान्वयन गरिनेछ।

(६) लुम्बिनी र नेपालको पर्यटन लगायतका क्षेत्रको विकासका लागि समन्वय र सहकार्य गर्ने, लुम्बिनीको अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्ने उद्देश्यका साथ स्पेनको एक्स्त्रेमादुरा प्रदेशको केसरेस (Caceres) नगरपालिकामा स्पेन सरकार, लुम्बिनी साँस्कृतिक नगरपालिका र केसरेस (Caceres) नगरपालिकाको सहकार्यमा लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनको पहलमा निर्माण हुन लागेको लुम्बिनी गार्डेनमा आवश्यक प्राविधिक तथा साँस्कृतिक सहयोग आदान प्रदान गरिनेछ ।

(७) लुम्बिनी गार्डेन फाउन्डेसन सँग समन्वय, सहकार्य गरी विभिन्न अन्तराष्ट्रिय संघ संस्थाको सहयोगमा स्वास्थ्य कार्यक्रम लगायतका गर्न पहल गरिनेछ ।

(८) सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसनको सहयोग र समन्वय एवं स्पेन सरकार र अन्तराष्ट्रिय संघ संस्थाको आर्थिक/प्राविधिक सहयोगमा वडा न. १० **मधुवनीमा अन्तराष्ट्रिय मापदण्डको १०० शैय्याको अस्पताल निर्माण कार्य अगाडी बढेको हुदाँ यस कार्यलाई निरन्तरता दिई सरोकारवाला संघ संस्था सँग समन्वय सहकार्य गरि अस्पताल निर्माण कार्य अगाडी बढाईनेछ ।**

(९) **अन्तराष्ट्रिय मापदण्डको अस्पताल एवं साँस्कृतिक भवन (Cultural House)** निर्माण गरी संचालन गर्न जिल्ला प्रशासन कार्यालय, प्रदेश सरकार र नेपाल सरकारमा आवश्यक प्रक्रिया अगाडी बढाउन समन्वय गरिनेछ।

(१०) लुम्बिनीको अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार, सम्बन्ध विस्तार सहयोग र अनुभवको आदानप्रदानका लागि स्पेनको म्याड्रिडमा स्थापित लुम्बिनी सांस्कृतिक नगरपालिकाको सम्पर्क कार्यालयलाई लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनको सहयोगमा थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

(११) समन्वय शाखाले पर्यटन प्रवर्द्धन एवम प्रचारप्रसारका लागि सरोकारवालाहरुसँग समन्वय सहकार्य गरि कार्यक्रम निर्माण र कार्यान्वन गर्नेछ ।

## ७. पूर्वाधार विकास सम्बन्धी नीति

१) यस नगरपालिकाको व्यवस्थित एवम दिगो विकासका लागि **नगर विकास गुरुयोजना (Municipal Development Master Plan)** तर्जुमा गरी स्मार्ट सिटीको अवधारणा अनुरुप विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

२) नगरपालिकाबाट घोषणा भएका **नगर स्तरीय गौरवका आयोजनाहरु** (**Municipal Pride Projects**) कार्यान्वयनका लागि आवश्यक बजेट र जनशक्तिको व्यवस्था गरिनेछ।

३) नगरपालिका क्षेत्र भित्र सडक ढलान कार्य RMC एवं कालो पत्रे गर्ने कार्य ASPHALT प्रविधिको प्रयोग गरी मात्रै गरिनेछ ।

४) केहि रुपान्तरणकारी आयोजनाहरुको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गरी आयोजना बैंक (Project Bank) निर्माण गरिनेछ।

५) योजनाहरुको लागत अनुमान, मूल्यांकन, नापि, कार्यसम्पन्न प्रतिवेदन सबैले बुझ्ने गरी नेपाली भाषामा लागु गरिनेछ ।

६) उपभोक्ता समितिबाट हुने निर्माण कार्यको हकमा योजनागत रुपमा नम्बरिङ्ग तथा कोडिङ्ग सिस्टम (Numbering and coding System ) लागु गरी प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

७) नगरक्षेत्रभित्र रहेका सडकहरुको नामाकरण गरी **डिजिटल स्ट्रिट नम्बरिङ्ग प्रणाली ( Digital Street Numbering System )** लागु गरिनेछ ।

८) नगरक्षेत्रभित्रका मुख्य सडक तथा चोकहरुमा **सडक वत्ती (Street Light)** जडान गरिनेछ ।

९) शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ को पुर्ण रुपमा कार्यन्वयन गरिनेछ । यो मापदण्ड निर्माण हुनुभन्दा पहिला निर्माण भएका घरहरुको अभिलेखिकरण गरी अव निर्माण हुने भवनहरु नक्सापास विना बनाउन नपाउने नीतिलाई निरन्तरता दिईनेछ ।

१०) नगरपालिकाभित्र रहेका मुख्य सडक, चोक एवम महत्वपुर्ण स्थानहरुमा विश्राम स्थल (Refresh place) तथा डिजिटल सार्वजनिक शौचालय **(Digital Public Toilet)** निर्माणका लागि गुरुयोजना बनाइ काम अगाडी बढाइनेछ ।

११) कमजोर सडकहरुको नियमित मर्मत सम्भार तथा स्तरोन्नती गरिनेछ। यसको लागि एक **मरम्मत सम्भार कोष** स्थापना गरिनेछ।

१२) आयोजनाको दिगोपना, प्रभावकारीता, मितव्ययिता र कार्यकुशलता कायम गर्न मागमा आधारीत सहभागितामुलक योजना छनौट तथा कार्यान्वयन प्राणालीको अवलम्बन गरिनेछ ।

१३) सरकारी तथा निजि भवनहरु भुकम्पीय जोखिमबाट सुरक्षीत बनाउने नीति अवलम्बन गरीनुका साथै सरकारी भवनहरु अपाङ्गमैत्री, वालमैत्री तथा ज्येष्ठ नागरिक मैत्री बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

१४) पुर्वाधार निर्माणमा विपद जोखिम सम्वेदनशिलतालाई मध्यनजर गरी **विपद उत्थानशिल पुर्वाधार विकास**मा जोड दिइनेछ ।

१५) नगरपालिका भित्रका बस्तीहरुलाई समेट्ने गरी **रिङ्ग रोड ( Ring Road)** को परिकल्पना गरे अनुसार नगरपालिकाभित्र आवश्यक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१६) नगरपालिकाभित्र रहेका विभिन्न ताल पोखरी तथ महत्वपुर्ण धार्मिक तथा पर्यटकिय स्थलहरुको संरक्षण निर्माण एवम सुन्दरीकरण गरी व्यावसायिक पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ ।

१७) यस नगरपालिका भित्र रहेका मेन सडक तथा नाली समेत निर्माणका लागि राष्ट्रिय मापदण्ड अनुरुप कम्तीमा २६ फुट सडक कायम गरिनेछ ।

१८) पूराना घना बस्तीहरुका सडकहरु पक्की र ढलान गरिनेछ । हालको अवस्थामा रहेका भित्रि सडकहरु सून्दर र पक्की बनाईनेछ ।तर पक्की घर टहरा र पर्खाल

बनाउँदा कम्तीमा ४ मि.(१५ फिट) छोडी नगरपालिकाको मापदण्ड अनुसार निर्माण गर्ने प्रक्रिया अगाडी बढाईनेछ ।

१९) सडक निर्माण गर्दा वायोईन्जिनियरिङ्ग तथा वातावरणमैत्री हुने गरी बनाईनेछ ।

२०) नगरपालिकाका विद्यालय भवनहरुको आवश्यकता अनुसार पूर्वाधार विकास गरिनेछ ।

२१) यस नगरपालिकाको विभिन्न ठाउँहरुमा पुल तथा कल्भर्टहरु निर्माण गरिनेछ ।

२२) नदी कटान रोक्न किनारमा **वायो ईन्जिनियरिङ्ग प्रविधि ( Bio Engineering Technology)** अवलम्बन गरिनेछ ।

२३) वडा न २ को भरतापुर र वडा न १२ को अमाहवा निपनिया र अजमा क्षेत्रमा दानव नदी कटान तथा बाढी नियन्त्रण गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन बनाई नियन्त्रणको कार्य अगाडी बढाइनेछ ।

२४) विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको वडा न १३ ओडवलिया स्थित सार्वजनिक जग्गामा **Lumbini Global Peace Park** निर्माणका लागि प्रकृया अगाडी बढाइनेछ ।

२५) नगरपालिकाको प्रशासनिक भवन निर्माण पक्रिया अगाडी बढाईनेछ ।

२६) स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकिको भवन निर्माण गरिनेछ ।

२७) नगरपालिकाभित्र रहेका अति विपन्न, गरिव आर्थिक स्थिती कमजोर र विपन्न परिवारलाई अवस्था यकिन गरि खरको छानो भएको परिवारलाई जस्ता पाता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२८) परम्परागत रुपमा यस नगरपालिकाको संस्कृती संरक्षण गर्ने खालका घर निर्माण गर्ने व्यक्ति वा संस्थालाई प्रोत्साहन गरिनेछ ।

२९) नगरपालिकाभित्र रहेका पुराना तथा जिर्ण मन्दिर, मस्जिद, पाटी पौवा आदिको संरक्षण तथा विकास गरिनेछ ।

३०) चैत्र पूर्णिमा मेला र मुण्डन लाग्ने ठाउँमा पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्ने गराउने काम अगाडी बढाईनेछ

३१) प्रत्येक विधालय, वडा कार्यालय र स्वास्थ्य चौकीमा सि सि क्यामरा जडान गरिनेछ ।

३२) गुणस्तरिय र समयमा राम्रो काम गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन गरिनेछ ।

३३) प्रत्येक वडा केन्द्रमा मूल सडक पक्की गर्ने नीति अवलम्बन गरिनेछ ।

३४) प्रत्येक वजार क्षेत्रमा सार्वजनिक शौचालय सहितको प्रतिक्षालय बनाईनेछ ।

३५) नगरपालिकाको चारै प्रवेशहरुमा प्रवेश द्धारहरु बनाईनेछ ।

३६) नगरपालिका अन्तरगत रहेका स्वास्थय सस्थाहरुबाट सन्चालित खोप क्लिनिक तथा गाउघर क्लिनिक भवन निर्माण कार्य क्रमश गर्दै लगिनेछ ।

३७) कन्टेजेन्सी वापत कट्टा गरी आएको रकम पूर्वाधार शाखा बाट योजना बनाई खर्च गरिनेछ ।

३८) सरकारी लगानीमा बनाईएका सडक बाटो क्षती गर्ने व्यक्तिलाई कारवाही गरिनेछ ।

३९) अन्तराष्ट्रिय मापदण्डको अस्पताल र सास्कृतिक संग्राहलय निर्माणका लागि सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसनसग समन्वय गरी काम अगाडी बढाइनेछ ।

४०) नगरपालिका भित्र रहेका पुराना वडा कार्यालय भत्काइ नया कार्यालय भवनको निर्माण गरिनेछ ।

४१) प्राथमिक स्वास्थ्य केन्द्र तथा जीर्ण स्वास्थ्य चौकीको नयाँ भवन निर्माण गरिनेछ।

४२) नगरपालिकाभित्र नया घर बनाउदा काठको पुरानो किसिमको झ्याल ढोका बनाएमा प्रोत्साहन गरिनेछ ।

४३) १५ शैय्याको अस्पताल निर्माण २ वर्ष भित्र सम्पन्न गर्ने गरी कार्य अगाडी बढाइनेछ ।

४४) वडा न. ८ मा निर्माण हुने करुणा महिला विद्यालय समयमै सम्पन्न गर्ने गरी आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

४५) बाटो ढलान वा पिच गर्दा नगरपालिकाको मापदण्ड अनुसार बनाईनेछ । मापदण्ड विपरित घर टहरा बनाएमा भत्काइने नीति अगाडी बढाईनेछ ।

४६) विकास निर्माण कार्यको गुणस्तर परिक्षणका लागि नगरपालिकामा ल्याव स्थापनाका अतिरिक्त आवश्यक प्रविधि एवं यन्त्र उपकरण खरिद गरी प्रयोगमा ल्याईनेछ ।

४७) चुची फाउन्डेसनको आर्थिक सहयोगमा निर्मित आइसोलेसन सेन्टर सन्चालनमा ल्याईनेछ ।

४८) नापी नक्सा नभएका क्षेत्रहरुको नापी नक्सा गराई बाटोघाटोको लगत कट्टा गरी सार्वजनिक कायम गरिनेछ ।

४९) एसियाली विकास बैंक (ADB)को आर्थिक तथा प्राविधिक सहयोगमा लुम्विनी साँस्कृतिक नगरपालिका वार्ड नं १०को मधुवनिमा नगर बसपार्कको लागि पूर्वाधार निर्माण गरिनेछ ।

५०) एसियाली विकास बैंक (ADB)को आर्थिक तथा प्राविधिक सहयोगमा नगर पालिका भित्र लिंक रोड, रिंग रोड निर्माण तथा ग्लोबल पार्क निर्माण, आमा वन वाटिकाको विकास लगायतका कार्यहरुलाई अगाडी बढाइनेछ ।

५१) ईञ्जिनीयरीङ् अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नशिप र कार्यथलो मै कार्य तालिम (OJT) को व्यवस्था मिलाइनेछ ।

## ८. उर्जा सम्बन्धी नीति

१) विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतको पहुँच नपुगेको सबै गाउँ र बस्तीमा विद्युत पहुँच पु-याइनेछ ।

२) नेपाल सरकारको वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम अनुरुप नगर क्षेत्र भित्र रहेका नविकरणीय उर्जाका स्रोतहरुको पहिचान गरी प्रयोगमा जोड दिइनेछ ।

३) विद्युत प्राधिकरण सँग समन्वय गरी सडक तथा अन्य क्षेत्रमा अव्यवस्थित रुपमा रहेका विद्युतीय तार पोलको उचित व्यवस्थापन गरिनेछ ।

४) मेयर कृषि सिंचाई योजना अन्तर्गत आवश्यक ठाउँमा विद्युतीकरण गरिनुका साथै विद्युत महशुल भुक्तानी गर्ने व्यवस्था मिलाईनेछ ।

## ९. खानेपानी तथा सरसफाई सम्बन्धी नीति

१) नगरपालिकाको सबै वडाहरूमा स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धतामा जोड दिइनेछ।
२) खानेपानी तथा सरसफाइ योजना (WASH Plan) लाई निरन्तरता दिइनेछ।
३) खानेपानी तथा सरसफाइ क्षेत्रमा लगानी तथा कार्य गर्न चाहने हरेक निकायले नगरपालिकाको वाश योजना अन्तर्गत रहेर मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था मिलाइनेछ ।
४) प्रत्येक वडामा कम्तीमा एउटा खानेपानी ओभरहेड ट्याङकी बनाई खानेपानी वितरण गर्न पहल गरिनेछ ।
५) आर्सेनिक युक्त पानीको प्रयोग हटाई सुरक्षित खानेपानी प्रयोग, व्यक्तिगत सरसफाई, फोहोरमैला व्यवस्थापन र सुरक्षित शौचालय प्रयोगका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
६) टोलविकास सँस्थाहरुलाई फोहोरमैलाको वर्गिकरण, प्रशोधन एवं पुनः प्रयोग सम्बन्धी तालिम प्रदान गरी गाँउ टोलमा पूर्ण सरसफाई अभियान चलाइनेछ ।
७) नगरक्षेत्रभित्र उत्सर्जित फोहोरमैला व्यवस्थापन गर्न संभाव्यता अध्ययन गरी सार्वजनिक निजि साझेदारी (Public Private Partnership) को अवधारणा अनुरुप व्यवस्थापन गरिनेछ।
८) टोल विकास सँस्थाहरुको समन्वयमा नगर क्षेत्रभित्रका हरेक टोल, वस्ती, विद्यालय तथा सार्वजनिक क्षेत्र तथा संघ संस्थाहरुलाई स्वच्छ सफा र हराभरा बनाउन **स्वच्छ नगरः स्वस्थ नागरिक** नारा सहित वि सं २०७९ लाई **मेयर नगर सरसफाई अभियान**को रुपमा सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ।
९) पशुपन्छी तथा भान्साजन्य कुहिने वस्तुहरुको पहिचान गरी प्राङ्गारिक मल बनाउन प्रोत्साहन गरिनेछ ।
१०) कुनै पनि निकायबाट खानेपानीको हैन्डपम्प जडान गर्दा कम्तीमा १६० फिट गहिरो हुने गरी र नगरपालिकाको अन्य मापदण्ड अनुसार गर्ने गरी व्यवस्था गरिनेछ ।
११) घोषित खुला दिसामुक्त क्षेत्रको अनुगमन गरी सुधार गरिनेछ ।
१२) आर्षेनिक युक्त पानी प्रयोग गरेका परिवारमा जनचेतना जगाई सुरक्षित खानेपानीको प्रयोगमा जोड दिइनेछ।

१३) गाँउ टोलमा पूर्ण सरसफाई अभियान चलाइनेछ ।

१४) शौचालय प्रयोगमा निरन्तरता ल्याउन जनसमुदायलाई प्रोत्साहन गरिनेछ ।

१५) बिद्यालय मार्फत सरसफाईका कार्यक्रमहरु परिचालन गराई जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१६) यस न.पा भित्रको मुख्य–मुख्य चोकहरुमा क्रमशः सार्बजनिक शौचालय तथा खानेपानीको निर्माण गरिंदै जानेछ ।

१७) यस न.पा. भित्र रहेका स्वास्थ्य चौकीहरुमा शौचालय, खानेपानी तथा त्यहाँबाट निस्किने फोहोरमैलाको व्यवस्थापनको उचित प्रवन्ध गरिनेछ ।

१८) नगरभित्र सरसफाइकर्मी नियुक्त गरी परिचालन गरिनेछ ।

१९) प्रत्येक सामुदायिक विद्यालय स्वास्थ्य चौकी नगर पालिका तथा वडा कार्यालयहरुमा स्वच्छ खाने पानीको व्यवस्थापन गर्न RO प्रविधिको व्यवस्था गरिनेछ ।

## १०. शिक्षा सम्बन्धी नीति

१) नगरकार्यपालिका अन्तर्गत **एक नगर शिक्षा विकास कोष** स्थापना गरिनेछ।सो कोषबाट स्वयंसेवक शिक्षक, पुर्वाधार निर्माण र खेलकुद विकासका क्रियाकलापहरू कार्यविधि बनाई सञ्चालन गरिनेछन्।

२) शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयका प्रधानाध्यापकहरुले गरेका प्रतिवद्धता कार्यान्वयन गरे नगरेको अनुगमन गरिनेछ।

३) शिक्षण सिकाइका बैकल्पिक विधिहरू र पाठ्यसामग्रीहरू मार्फत महामारीबाट सिर्जित असहज परिस्थितिमा विद्यार्थीको सिकाइ सहजीकरण गरिनेछ ।

४) प्रत्येक विद्यालयले वार्षिक शैक्षिक योजना तथा शिक्षण सुधार योजना बनाई लागु गर्ने व्यवस्था गरिनेछ।

५) सामुदायिक र मदरसा विद्यालयको आवश्यकताका आधारमा भौतिक पुर्वाधार निर्माणको दीर्घकालीन योजना तयार गरी क्रमशः लागु गरिनेछ।

६) संस्थागत विद्यालयहरूमा भौतिक एवम् शैक्षणिक सुविधाहरूको न्युनतम मापदण्ड र सुविधाहरू निर्धारण गरी सोको सुनिश्चिता हुने गरी नियमन गरिनेछ ।

७) स्नातक तह अध्ययन अध्यापन गराउने क्याम्पसहरुको पठन पाठनलाई स्तरीय बनाउन अनुदान उपलब्ध गराईनेछ।

८) विद्यालयहरूको कार्यसम्पादन सूचकमा आधारित अनुगमन गरी स्तरीकरण गर्ने, समस्याको पहिचान गर्ने र सुधारका उपायहरू पहिल्याइनेछ ।

९) कार्यसम्पादनको स्वमुल्याङ्कन र सेवाग्राही मुल्याङ्कनको आधारमा प्रधानाध्यापक र शिक्षकहरूको पेसागत स्तर निर्धारण गरी सक्षमता सूची(Competency Index) तयार गरी विद्यालय, प्रधानाध्यापक र शिक्षकहरूको पेसागत स्वजवाफदेही संयन्त्रको विकास गरिनेछ ।

१०) दरबन्दी मिलान प्रतिवेदन २०७७ क्रमशः कडाईका साथ लागु गरिनेछ ।

११) केन्द्रिय नीति बमोजिम बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक र सुविधा समायोजन गरिनेछ ।

१२) सामुदायिक विद्यालयहरूमा छात्राहरूलाई सेनिटरी प्याड र प्राथमिक तहका विद्यार्थीहरूलाई दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३) दिवा खाजा कार्यक्रमलाई शिक्षा शाखाबाट योजना बनाई सुधार गरिनेछ।

१४) बाल विकास कक्षा कोठा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।बाल विकास सहजकर्ताको लागि तालिमको व्यवस्था गरिनेछ ।

१५) नगर शिक्षा समितिका सदस्यहरूको नेतृत्वमा सामुदायिक, संस्थागत र मदरसा विद्यालयहरूको विकासका लागि अलग अलग कार्यटोली निर्माण गरी विद्यालय विकास योजना तयार गरी क्रमशः कार्यान्वयन गरिनेछ ।

१६) स्थानीय स्वयमसेवक परिचालन गर्दै घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिका पहिचान गर्ने र विद्यालयमा भर्ना गर्ने विशेष प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

१७) विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षा समितिको अन्तर नगर/जिल्ला भ्रमण मार्फत् अनुभवको आदानप्रदान गरी सुधारको योजना कार्यान्वयन गरिनेछ ।

१८) सिकाइ उपलब्धिको विद्यालयगत र नगरस्तरीय विश्लेषण गर्ने र अभिभावकहरूको सहभागितामा विद्यार्थीको सिकाइ आवश्यकता पहिचान गरी सुधारात्मक शिक्षण योजना बनाई लागु गरिनेछ ।

१९) शिक्षण सिकाइका समस्यालाई कार्यमूलक अनुसन्धान र घटना अध्ययनमा आधारित बनाई समाधान खोज्न शिक्षकलाई प्रोत्साहित गरिनेछ ।

२०) विद्यालय सामाजिक परीक्षण र लेखा परीक्षणलाई कार्यसम्पादन सूचकमा आधारित बनाई यसलाई सरोकारवालाको जवाफदेहिता बढाउने साधनको रूपमा विकास गरिनेछ ।

२१) सबै माध्यमिक विद्यालयहरूमा वेभसाइट विकास गरी सञ्चालन गर्ने र अन्य विद्यालयहरूमा क्रमशः कम्तिमा एक सेट कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन र वाइफाईको व्यवस्था गरी विद्यालयका अभिलेखहरूलाई डिजीटलाइज्ड गर्ने र विद्यतीय शासन (e-governance) को सुरुवात गरिनेछ ।

२२) स्थानीय भाषा, संस्कृति एवं नैतिकता र मानविय मुल्यको प्रवर्धन हुने गरी स्थानिय पाठ्यक्रम तयार गरी क्रमशः लागु गरिनेछ ।

२३) लुम्बिनी क्षेत्रको सम्पदा र बौद्ध शिक्षा स्थानिय पाठ्यक्रममा समावेश गरी कक्षा ६ मा समेत लागु गरिनेछ।

२४) कक्षा ७ र ८ मा लागु भएको लुम्बिनी क्षेत्रको सम्पदा र बौद्ध शिक्षाको पठन पाठनमा पर्न सक्ने समस्याको सन्दर्भमा सम्बन्धित लेखकबाट अभिमुखीकरण तथा सहजीकरण गरईनेछ।

२५) प्राविधिक धारका विद्यालयहरूको प्रयोगात्मक कार्यलाई अन्य विद्यालय र समुदायको आवश्यकतासँग आबद्ध गरी सञ्चालन गरिनेछ ।

२६) स्थानीय आवश्यकताका आधारमा पर्यटन तथा होटल म्यानेजमेन्ट, भेटेरीनरी, इलेक्ट्रीकल, सिभिल, मेकानिकल तथा अटो मोबाईल इन्जिनियरिङ विषयमा थप प्राविधिक धारको शिक्षा सञ्चालन गर्न पहल गरिनेछ।

२७) विद्यालय सुधार योजनालाई कार्यान्वयन योग्य बनाई नगर शिक्षा योजनासँग आबद्ध गरी कार्यान्वयनमा ल्याइनेछ ।

२८) विद्यालय समायोजन तथा एकीकरण प्रक्रिया र दरबन्दी मिलानको कार्यलाई अगाडी बढाइनेछ ।

२९) नगर शिक्षा ऐन तथा शिक्षक भर्ना कार्यविधि लगायतका कानूनहरुमा आवश्यक शंसोधन र परिमार्जन गरी शैक्षिक गुणस्तरमा सुधार, शैक्षिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र चुस्त बनाइनेछ।

३०) सरोकारवालाको सहभागितामा अनुगमन र निरीक्षण कार्यलाई अघि बढाइनेछ।

३१) संस्थागत विद्यालयहरू र मदरसाहरूको गुणस्तर सुधारका लागि अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाई उत्कृष्टताको आधारमा प्रोत्साहन उपलब्ध गराईनेछ ।

३२) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ, सामुदायिक सिकाइ केन्द्रका पदाधिकारीहरु र कर्मचारीहरूको क्षमता विकासका लागि अभिमुखीकरण तथा तालिम सञ्चालन गरिनेछ।

३३) विषयगत समितिहरू परिचालन गरी शिक्षण सिकाइ र व्यवस्थापकीय समस्या पहिचान गर्ने र समस्या समाधानका उपाय पहिल्याउने कार्य गरिनेछ ।

३४) शिक्षकको कार्य सम्पादनका आधारमा पेसागत विकासका आवश्यकता पहिचान गरी कार्यथलो तथा परियोजना कार्यमा आधारित क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३५) सामुदायिक, संस्थागत र मदरसा विद्यालयहरूबीच शैक्षिक गुणस्तर सुधार गर्ने साझा क्षेत्र र सवाल पहिचान गरी सहकार्यको थालनी गरिनेछ ।

३६) सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता पहिचान गरी एक सामुदायिक सिकाइ केन्द्रलाई नमुना सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ ।

३७) घरधुरी सर्भेक्षणबाट निरक्षरताको पहिचान गरी साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रहरूलाई परिचालन गरिनेछ ।

३८) किशोरीहरुलाई शिक्षाको मुलधारमा ल्याउन करुणा महिला विद्यालय निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

३९) नेपाल सरकारको कोटामा एम. वि. वि. एस. (MBBS) र इन्जिनियरिङ्ग (B.Tech.), BSc.Ag. अध्ययनको लागि छात्रवृत्ति प्राप्त गरेका नगरपालिका भित्रका एक—एक गरीब तथा जेहेन्दार विद्यार्थीलाई नगरपालिकाबाट आर्थिक प्रोत्साहन गर्न तथा कक्षा १२, १० र ८ को वार्षिक परिक्षामा सर्वोत्कृष्ट नतीजा ल्याउने १ छात्र र १ छात्रालाई पुरस्कृत गर्ने गरी **मेयर छात्रवृत्ती कार्यक्रम** थप विस्तार गरी सन्चालन गरिनेछ ।

४०) शिक्षकहरुलाई विद्यार्थी सिकाई प्रति जिम्मेवार र जवाफदेही बनाई **शैक्षिक सुशासन (Educational Governance)** कायम गर्न शिक्षक डायरी तयार गरी लागु गरिनेछ ।

४१) महान विचारक, दार्शनिक तथा आदर्श मानवहरुको महावाणीहरुलाई विद्यालयमा लेखी विद्यार्थिहरुमा **सकारात्मक सोंच ( Positive Thinking )**को विकास गरिनेछ ।

४२) माध्यामिक तहका विद्यार्थिहरुको **व्यक्तित्व विकास ( Personality Development )**का लागि प्रत्येक विद्यालयले कम्तिमा महिनाको एक पटक व्यक्तित्व विकास सम्बन्धी **उत्प्रेरणामूलक कार्यक्रम ( Motivational Programme )** सन्चालन गरिनेछ।

४३) शिक्षक विद्यार्थी र अभिभावक बीच रहेको त्रिकोणात्मक सम्बन्धलाई थप प्रभावकारी बनाउन तथा ज्ञानको अन्तर पुस्ता हस्तान्तरण गर्न त्रिपक्षीय सम्वाद कार्यक्रम सन्चालन गरिनेछ ।

## ११. युवा, खेलकुद तथा मनोरञ्जन सम्बन्धी नीति

१) नगर खेलकुद विकास समिति गठन गरी खेलकुद विकासको रणनीति तयार गरिनेछ ।

२) सबै विद्यालयहरूमा खेल तथा अतिरिक्त कार्यकलापका आधारभूत सामग्रीहरूको व्यवस्था गरी शिक्षकलाई तालिम प्रदान गरिनेछ ।

३) प्रदेश र केन्द्र सरकारसँग समन्वय गरी एक सुविधायुक्त नगरस्तरीय खेल मैदान निर्माण कार्यको थालनी गरिनेछ ।

४) सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक मनोरञ्जन स्थल र चेतना प्रवाह केन्द्रको रूपमा समेत विकास गरिनेछ ।

५) नगरस्तरिय **मेयर अन्तर विद्यालय खेलकुद कार्यक्रम** र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई नियमित रूपमा सञ्चालन गरिनेछ ।

६) वडा न १ नन्दनगर पुर्वमा रहेको भगवानपुर आधारभुत विद्यालयमा रहेको जग्गालाई **नगर खेलकुद मैदान**को रुपमा पुर्वाधार विकास गरिनेछ ।

७)	आमा वनबाटीका तथा नौखनिया ताल वरीपरी मनोरञ्जन पार्क स्थापना गर्न पुर्वाधार निर्माण गरिनेछ ।

८)	नगरस्तरिय सस्कृतिको प्रवर्धन र विकास गर्न  गैर सरकारी सस्थाको सहकार्यमा नगरस्तरिय सास्कृतिक प्रतियोगिताको आयोजना गरिनेछ ।

९)	प्रत्येक वडाबाट स्थानिय खेलाडीहरु छनौट गरी राष्ट्रिय खेलाडीको रुपमा विकास गर्न आवश्यक व्यवस्था गरिनेछ ।

## १२ स्वास्थ्य सम्बन्धी नीति

१)	नेपाल सरकारले ल्याएको एक नगरपालिका एक अस्पताल कार्यक्रमको अवधारणा अनुरूप १५ शैय्याको अस्पताल २ वर्ष भित्र निर्माण गरी संचालनमा ल्याईनेछ ।

२)	कोभिड १९ रोकथाम तथा नियन्त्रण एवं कोभिड बिरामीको लागि चुची (Tzu Chi) फाउन्डेसनको आर्थिक सहयोगमा मधुवनीमा निर्मित  आइसोलेसन सेन्टरलाई Birthing centre तथा उपयुक्त स्वास्थ्य सेवा सहित सन्चालनमा ल्याइनेछ ।

३)	प्रत्येक वडामा आधारभूत स्वास्थ्य केन्द्रहरूको स्थापना साथै कर्मचारी व्यवस्थापन गरिनेछ।आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ ।

४)	सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्तिको व्यवस्था गरी कार्यसम्पादन सूचकका आधारमा नियमित अनुगमन र मुल्याङ्कन गरिनेछ ।

५)	नगरपालिका भित्र रहेका सबै नागरिकहरुलाई स्वास्थ्य बीमाको पहुँचमा ल्याउन कार्यक्रम संचालन गरिनेछ।

६)	आँखा परीक्षण, पाठेघरको क्यान्सर लगायतका रोगहरुको समयमै पहिचान र निदानका लागि घुम्ती स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ ।

७)	पाठेघरको अप्रेशन तथा मोतियाविन्दु भएकाहरुका लागि **निःशुल्क अपरेसनको** व्यवस्था मिलाइनेछ ।

८)	खोप, परिवार नियोजन, क्षयरोग, कुष्ठरोग तथा पोषण साथै अन्य कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

९) नगरपालिकालाई **शुन्य होम डेलीभरी (Zero Home Delivery)** को रूपमा घोषणा गराउनका लागि आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै गर्भवती र सुत्केरी आमाहरूका लागि नेपाल सरकारले तोकेको आमा सुरक्षा सम्बन्धी प्रोटोकल अनुसारको चार पटकको जाँच र स्वास्थ्य संस्थामा डेलीभरी हुने आमाहरूका लागि **उपमेयर सुत्केरी पोषण झोला वितरण कार्यक्रम** सञ्चालन गरिनेछ । गर्भवति आमाहरुलाई गर्भवती भएको आठ महिना (तेस्रो पटकको जाँच) देखि स्वास्थ्य सँस्था मार्फत निशुल्क क्याल्सियम चक्की वितरणको व्यवस्था मिलाइने छ ।

१०) प्राथमिक स्वास्थ्य केन्द्र लंकापुरमा सञ्चालनमा रहेको चौबिस घण्टे प्रसुती सेवालाई थप स्वास्थ्य संस्थाहरूमा **वर्थिङ सेन्टर** ( **Birthing Center** ) निर्माण गरी विस्तार गरिनेछ।

११) ज्येष्ठ नागरिक, बालबालिका तथा महिलाहरुका लागि स्वास्थ्य शिविर सन्चालन गरी विशेषज्ञ सेवा प्रदान गरिनेछ ।

१२) नगरपालिका भित्र कार्यरत सबै महिला स्वास्थ्य स्वयमसेविकाहरूलाई समान रुपमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई क्रमिक रुपमा सम्मानजनक बिदाई गर्न आवश्यक रकमको व्यवस्था मिलाइनेछ।

१३) सबै स्वास्थ्य संस्थाहरूमा नियमित रूपमा वर्षभरी नै अति आवश्यक औषधिहरूको निःशुल्क वितरणको व्यवस्था गरिनेछ ।

१४) सरकारी तथा गैह्रसरकारी संस्थाहरुको समन्वयमा कोरोना लगायत विभिन्न किसिमका सर्ने तथा नसर्ने रोगहरुको बारेमा सचेतना कार्यक्रम, सुरक्षात्मक कार्यक्रम र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१५) कोभिड १९ रोकथाम तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीहरूको स्वास्थ्य बीमाको व्यवस्था मिलाइनेछ ।

१६) सबै स्वास्थ्य संस्थाहरुमा प्रयाप्त शुद्ध खानेपानीको व्यवस्था तथा स्वास्थ्य संस्था बाट निस्किने फोहोरमैला व्यवस्थापनको लागि वडा कार्यालयहरु एवं वास शाखासंगको समन्वयमा बजेटको व्यवस्था मिलाइ कार्यान्वयन गरिनेछ ।

१७) सबै स्वास्थ्य संस्थाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि अनुदान रकमको व्यवस्था गरिनेछ ।

१८) सञ्चालित कार्यक्रमहरूको सूचकमा आधारित मासिक/चौमासिक समीक्षा गरी कार्यक्रमको प्रभावकारिता विश्लेषण गर्ने व्यवस्था मिलाइनेछ ।

१९) स्वास्थ्यको कर्मचारीलाई तथा महिला स्वयम सेविकाहरूलाई भ्रमणको व्यवस्था गरी सिक्ने अवसर उपलब्ध गराइनेछ ।

२०) नगरकार्यपालिका कार्यालय तथा सबै स्वास्थ्य संस्थाहरूमा औषधि भण्डारण तथा अन्य उपकरण व्यवस्थापनलाई व्यवस्थित गरिनेछ ।

२१) प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत प्रसुती सेवा प्रदायकहरूलाई रात्रिकलीन र जोखीम भत्तालाई निरन्तरता दिइनेछ ।

२२) ७० वर्ष माथिका जेष्ठ नागरिकलाई स्वास्थ्यकर्मी द्वारा घरदैलो स्वास्थ्य जाँच तथा उपचार कार्यक्रम हरेक ६/६ महिनामा सञ्चालन गरिनेछ ।

२३) नगरपालिका अन्तर्गतका सम्पूर्ण मधुमेह र उच्च रक्तचापको विरामीहरुको लागि निशुल्क औषधि उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

२४) २ बर्ष सम्मका वालबालिकाहरुको वृद्धि अनुगमन कार्यक्रम हरेक ३/३ महिनामा सन्चालन गरिनेछ । पुर्ण सुपोषित बच्चाहरुलाई मुल्याङ्कनका आधारमा पुरस्कृत गर्ने र कम तौल भएका कुपोषित बच्चाहरुका लागि **बाल पोषण झोला** वितरणको व्यवस्था मिलाइनेछ ।

२५) सम्पूर्ण स्वास्थ्य संस्थाहरू मार्फत स्वास्थ्य सेवालाई किशोर किशोरी मैत्री बनाई प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

२६) नगरपालिकालाई पूर्ण खोप सुनिश्चितताका र दीगोपनाका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२७) **विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम**लाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।साथै विद्यालयहरुमा अध्ययनरत विद्यार्थिहरुको त्रैमासिक रुपमा स्वास्थ्यकर्मीहरुद्वारा निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ।

२८) सबै स्वास्थ्य संस्थाहरुलाई सुचना प्रविधिमैत्री वनाउन आवश्यक पर्ने स्रोत र साधनको व्यवस्था मिलाइनेछ।

२९) स्वास्थ्य संस्थाहरुको भवन मर्मत सम्भार तथा आवश्यकताको आधारमा कोठा थपको व्यवस्था मिलाइनेछ।

३०) नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट संचालित खोप क्लिनिक तथा गाउँघर क्लिनिक भवन निर्माण कार्य क्रमशः विस्तार गर्दै लगिनेछ।

३१) सुत्केरी हुने आमाहरुलाई घरबाट बर्थिङ सेन्टरसम्म ल्याउन र रिफर गर्नुपर्ने आमाहरुका लागि  रुपन्देही जिल्ला भित्रका अस्पताल सम्म पुर्याउन **निःशुल्क एम्बुलेन्स सेवा** प्रदान गरिनेछ ।

३२) लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याव सेवाको स्तरोन्नति गरिनेछ। साथै अन्य स्वास्थ्य संस्थाहरुमा पनि क्रमशः ल्याब सेवा विस्तार गर्दै लगिनेछ।

३३) यस नगरपालिका भित्र आयुर्वेदिक, होमियो पैथिक तथा प्राकृतिक चिकित्सा केन्द्र स्थापना गरी स्वास्थ्य सेवा सन्चालनमा ल्याइनेछ।खुनगाईमा संचालित आरोग्य सेवा केन्द्रको सेवालाई थप विस्तार गरी प्रभावकारी बनाइनेछ ।

३४) यस नगरपालिका अन्तर्गत कार्यरत सम्पुर्ण स्वास्थ्य कर्मीहरुको आन्तरिक स्रोतबाट तलब सेवा सुविधा दिदा नेपाल सरकारले तोकेको न्युनतम आधारभुत तलव स्केल बमोजिम तथा सशर्त अनुदानबाट तलव खानेहरुको हकमा समेत सोही बमोजिमको तलव भत्ता उपलब्ध गराइनेछ।

३५) निजि स्वास्थ्य संस्थाहरुको दर्ता, स्थापना, नवीकरण एवं सञ्चालन तथा व्यवस्थापन  कार्यविधि अनुरुप नियमन गरिनेछ।

३६) नगरपालिकालाई कोविड-१९ बिरुद्धको पूर्ण खोपयुक्त नगरपालिका घोषणा सहित सुनिश्चितता कायम राखिने छ ।

३७) प्राथमिक स्वास्थ्य केन्द्र लंकापुरको जीर्ण भवन भत्काई नयाँ भवन निर्माण गरिनेछ।

## १३ संस्थागत विकास सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीति

१) **शुद्ध बुद्ध ऋषि मन समृद्ध नगर सुखि नगरवासि हाम्रो अभियान** भन्ने मान्यतालाई आत्मसात गरी नगरका सेवा प्रवाहलाई चुस्त दुरुस्त र सरल रुपमा अगाडी बढाईनेछ ।

२) भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता **(Zero Tolerance against corruption )**को नीतिलाई जोड दिईनेछ ।

३) योजना कार्यान्वयन तहमा पारदर्शिता कायम गर्न ठेक्का पट्टामा विद्युतीय प्रणाली (E Bidding ) प्रयोगमा जोड दिनुको साथै आयोजना सूचना पाटीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४) नागरिकको सूचनाको हकलाई थप सुदृढ वनाउन तथा नागरिकको सु-सुचित हुने अधिकारको सुनिस्चित गर्न सुचनाको हक सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ बमोजिमको विवरण नियमित स्वतः प्रकाशन गरिनेछ ।

५) नगरपालिकबाट प्रवाह गरिने सेवालाई नागरिक मैत्री बनाउन Digital Citizen Charter का अतिरिक्त मोवाइल एप्सलाई थप प्रभावकारी बनाई प्रयोगमा ल्याईनेछ ।

६) नगरपालिकालाई थप सूचना मैत्री बनाई सबै कार्यालयहरूमा इन्टरनेटको पहुँच बढाइनेछ ।

७) कर्मचारीको कार्यसम्पादनलाई वस्तुनिष्ठ र मापनयोग्य बनाउन सुचकहरुको निर्माण गरी कार्यसम्पादन सम्झौता गरिनेछ ।

८) नगरपालिकाको संस्थागत क्षमता विकास गर्न पदाधिकारी तथा कर्मचारीहरुलाई तालिम, गोष्ठी, अध्ययन अवलोकन भ्रमण तथा नेतृत्व क्षमता विकास तालिम दिने व्यवस्था मिलाईनेछ ।

९) अन्य पालिकाहरुमा भएका असल अभ्यासहरुको आदानप्रदानका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१०) नगरपालिकाबाट संचालित गतिविधिको सन्दर्भमा वार्षिक, अर्धवार्षिक तथा मासिक बुलेटिन प्रकाशन गरिनेछ ।

११) नगरपालिकाको राजश्व प्रणालीमा सुधार गर्न बैक तथा वित्तिय सस्थाहरुसग समन्वय गरी इ पेमेन्ट( E Payment ) सिस्टम लागु गरिनेछ ।

१२) नगरपालिकालाई बढी कर तिर्ने व्यक्ति वा संस्थालाई सम्मान गरिनेछ ।

१३) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नियमित, भरपर्दो र नतिजामुलक बनाई विकास योजना तथा कार्यक्रमलाई थप गुणस्तरीय एवं प्रभावकारी बनाईनेछ ।

१४) कर्मचारी पदाधिकारी एवम नागरिकबिचको सम्वन्धलाई रचनात्मक र सृजनशिल वनाउन नागरिक–प्रशासन ( Citizen Administration) सम्वाद कार्यक्रम सन्चालन गरिनेछ ।

१५) कार्य पद्धतिलाई व्यवस्थित र खर्च प्रणालीलाई पारदर्शी बनाई समग्र कार्यसम्पादन स्तरमा सुधार गर्दै वित्तिय सुशासनको प्रवर्धन गरिनेछ ।

१६) सानातिना झै झगडा विवाद मिलाउने, टोलको सरसफाई गर्ने, सार्वजनिक सम्पत्ती अतिक्रमण रोक्न, सामाजिक विकृति नियन्त्रण गर्न, सामाजिक अनुशासन कायम गर्न उद्यमशिलता प्रबर्धन गरी सीप विकास गर्न नगर भित्र टोल विकास संस्थाहरु परिचालन गरिनेछ ।

१७) न्यायिक समितिको कार्यसम्पादनलाई नागरिकले न्यायको अनुभुति गर्न पाउने गरी थप प्रभावकारी बनाउन इजलास निर्माण गरिनेछ।न्यायिक समितिका पदाधिकारीहरुकको क्षमता विकासका लागि आवश्यक तालिमको प्रवन्ध गरिनेछ ।

१८) नगरपालिकाको न्यायिक कार्य सम्पादन प्रकृयालाई डिजिटल प्रणालीमा आवद्द गरिनेछ ।

१९) कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

२०) नगरपालिका क्षेत्र भित्र शान्ति सुव्यवस्था, अमनचयन एवम नगर कानुनको कार्यान्वयनलाई थप सहज र प्रभावकारी वनाउन नगर प्रहरी भर्ना प्रकृया अगाडी बढाईनेछ ।

२१) नगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षा कायम गरी अपराधमुक्त समाजको निर्माण गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी वल नेपाल संगको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । आवश्यक ठाउमा CCTV क्यममेराको माध्यमबाट निगरानीको व्यवस्था मिलाईनेछ ।

२२) करार सेवामा रहेका कर्मचारीहरुलाई नेपाल सरकारले अवलम्बन गरेको सामाजिक सुरक्षा कोषमा समावेश गरिनेछ ।

२३) नगरपालिकाको सगठन तथा व्यवस्थापन सर्वेक्षण ( O and M Survey ) गरी स्विकृत दरवन्दी बमोजिम पदपुर्तिका लागि प्रदेश लोक सेवा आयोगमा पठाइनेछ ।

२४) केन्द्र तथा प्रदेश सरकारले समयमा कर्मचारी पठाउन नसकेमा नगरपालिकाबाट भर्ना प्रक्रिया अगाडी बढाईनेछ ।

२५) यस नगरपालिकबाट हालसम्म भएका मुख्य मुख्य उपलब्धीहरुलाई आम नागरिकहरुमा सन्चार गराउन पुस्तक तथा डकुमेन्ट्रीको रुपमा प्रकाशन गरिनेछ ।

२६) नगर क्षेत्रभित्र निर्माण हुने योजना तथा निर्णय प्रकृयालाई वस्तुगत तथ्याङ्कमा आधारित तुल्याउन **नगर प्रोफाईल ( Municipal Profile )** लाई अद्यावधिक गरिनेछ ।

२७) स्थानिय रेडियो तथा टेलिभिजन मार्फत महिनाको एक पटक **नगर सुशासन सम्वाद कार्यक्रम** सन्चालन गरिनेछ ।

२८) नगरपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई कानुनको शासन ( Rule of Law ) मा आधारित बनाउन आवश्यक कानुनको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२९) नगर सुशासन कायम गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता सुशासनका उपकरणहरुको प्रयोगमा जोड दिईनेछ ।

३०) नगरपालिकामा आउने सेवाग्राहीलाई सेवाप्रवाहमा सहजीकरण एवं आवश्यक पर्ने निवेदन फारमहरु निशुल्क रुपमा उपलब्ध गराउन **नागरिक सहायता कक्ष (Help Desk)** थप व्यवस्थित बनाईनेछ।

३१) नगरपालिकाको **आन्तरिक नियन्त्रण प्रणालि (Internal Control System)** २०७८ लाई कडाईका साथ लागु गरिनेछ।

३२) नगरपालिकाको विकास र सेवाप्रवाहलाई योजनाबद्ध रुपमा अगाडि बढाउन आवधिक योजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ।

३३) नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन गरी पुरस्कार, प्रोत्साहन र दण्ड प्रणाली सँग आबद्ध गरिनेछ।

३४) पदाधिकारी तथा कर्मचारीको पेशागत नैतिकता आचरण अनुशासन र व्यावसायिकता प्रबर्धन गर्न अचार संहिता निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**१४ विपद् व्यवस्थापन सम्बन्धि नीति**

१) विपद ब्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्था गरी परिचालन गरिनेछ ।

२) स्थानीय विपद ब्यवस्थापन समितिलाई क्रियाशील बनाई विपद पूर्बतयारी तथा प्रतिकार्य योजनालाई अध्यावधिक गरी कार्यान्वयन गरिनेछ ।

३) विपद् व्यवस्थापनको लागि खोज तथा उद्धार सामग्रीहरुको ब्यवस्थापन गरिनेछ ।

४) विपद व्यवस्थापनमा तत्काल उद्दारका लागि **Quick Responce Team** गठन गरी आवश्यक तालिम प्रदान गरिनेछ ।

५) विपद व्यस्थापन कार्यलाई थप प्रभावकारी वनाउन नेपाल प्रहरी ,सशस्त्र प्रहरी बल तथा नेपाल रेडक्रस सोसाईटी लगायतका गैर सरकारी सस्थाहरु समेतसग समन्यव गरी उद्दार र राहत कार्य अगाडी बढाइनेछ ।

६) विपदमा परेका व्यत्तिहरुलाई राहत सामाग्री वितरणका लागि आवश्यक भण्डारणको व्यवस्थामा जोड दिइनेछ ।

७) विपदमा परेको व्यक्तिलाई यथाशिघ्र सेवा प्रदान गरिनेछ ।

८) समुदाय स्तरमा विपदबाट सुरक्षित रहने उपायहरुको बारेमा आवश्यक सचेतनामुलक तालिमको व्यवस्था गरिनेछ ।

९) एम्वुलेन्स र दमकललाई २४ घन्टा सन्चालनमा ल्याउन चालक र सहयोगी कर्मचारीलाई तयारी अवस्थामा राखिनेछ । दमकलका लागि आवश्यक पानीको व्यवस्था गर्न लुम्विनी इलाका प्रहरी कार्यालय परिसरभित्र बोर जडान गरिनेछ ।

**१५. वन, वातावरण तथा भु सरक्षण सम्बन्धि नीति**

१) यस नगरपालिका क्षेत्रमा निजि तथा सामुदायिक वन, खाली तथा बाँजो जग्गामा ब्यापक वृक्षारोपण कार्यक्रममा जोड दिईनेछ ।

२) जलबायु परिवर्तनका असरहरु न्युनिकरण तथा अनुकुलनका लागि स्थानिय सम्भाव्यताका वाली नाली लगाउन प्रोत्साहन गरिनेछ ।

३) नदी नियन्त्रणा तथा श्रोत संरक्षणका लागि आवश्यक्ता अनुसार तटबन्ध एवं वातावरण संरक्षणका लागि आवश्यक कार्यक्रम संचालन गर्दै लगिनेछ ।

४) नदी कटानलाई नियन्त्रण गर्न वायो इन्जिनियारिङ्ग अवलम्बन गरिनेछ ।

५) तेलार नदी, कोठी नदी र कोइलिहवा नदीमा ठाउँ ठाउँमा आवश्यकता अनुसार बाँध निर्माण गरी पानीको रिचार्ज र सिंचाइको ब्यवस्था गरिनेछ ।

६) यस नगरपालिका क्षेत्र भित्रका घरहरुमा जडिबुटी तथा औषधीजन्य विरुवा लगाउनेलाइ प्रोत्साहन गरिनेछ ।

७) ५० लाख भन्दा माथिका आयोजनाहरुमा अनिवार्य रुपमा वातावरणिय प्रभाव मुल्याङ्कन (EIA) गरिनेछ ।

८) नगरपालिकाभित्र चराचुरुङ्गी लगायतका जिवजन्तु एवम बोट विरुवाका प्रजातिहरुको सरक्षण एवम पारिस्थितिक प्रणालीलाई जोगाई राख्न जलाधार तथा सिमसार क्षेत्रको सरक्षण गरिनेछ ।

९) नगरपक्षीको रुपमा रहेको सारसको सरक्षण गर्नका लागि नगरपक्षी सरक्षण कार्यक्रम सन्चालन गरिनेछ ।

१०) लुम्विनी सास्कृतिक नगरलाई **Green and clean city** को रुपमा विकास गर्न निजी तथा सामुदायिक वन विकासका लागि प्रोत्साहन गरिनेछ ।

११) पर्सा महिलवार तथा खुनगाई जस्ता महत्वुर्ण वजार क्षेत्रहरुमा धुवा धुलो र फोहोरमैला रहित वनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१२) ट्राफिक प्रहरीको समेत समन्वयमा सवारी साधनको प्रदुषण मापन गरी तोकिएको मापदण्ड लागु गरिनेछ ।

## १६. सस्कृति प्रवर्द्धन सम्बन्धी नीति

१) नगरपालिका भित्र विगत देखि हुँदै आइरहेका चैत्र पूर्णिमा, बुद्ध जयन्ति जस्ता सांस्कृतिक महोत्सवलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

२) नागरिकहरूको आफ्नो धर्म संस्कृतिको संवर्द्धन र संरक्षण गर्न समन्वय गरी प्रोत्साहित गरिनेछ।

३) नगरपालिकामा गुम्बा मठ मन्दिर मस्जिद आदिको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

४) लुम्विनी र लुम्बिनी वरिपरीका पालिकाहरुको सस्कृतिको प्रवर्दन गर्न विश्वका विभिन्न नगरको सस्कृतिको आदान प्रदान गर्न सम्बन्ध विस्तारको नीति लिइनेछ ।

५) यस नगरपालिकाबाट सन्चालन हुदै आएको रुमिन्देई माई मेला (महोत्सव) लाई लुम्विनी बिकास कोष सग समन्वय गरी  थप व्यवस्थित रुपमा निरन्तरता दिइनेछ ।

६) माघी पर्व ( खिचडी महोत्सव )लाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७) स्थानिय सस्कृतिहरुलाई पर्यटकिय सेवाको रुपमा विकास गरी रोजगारी सग आवद्द गरिनेछ ।

८) सास्कृतिक प्रदर्शनी भवनको निर्माण गरी स्थानिय स्तरमा रहेका कला सस्कृतिहरुको प्रदर्शन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

९) प्रथा परम्पराका नाममा  मानव सभ्यताका लागि अभिषापका रुपमा रहेका विकृतिहरु निर्मुल गर्नका लागि विशेष सचेतनामुलक कार्यक्रम सन्चालनमा ल्याईनेछ ।

१०) लुम्विनी सास्कृतिक नगरपालिका वडा न १ खुनगाइमा प्राचिन लक्ष्मीनारायण हनुमान मन्दिरको नाममा रहेको जग्गामा सनातन धर्म सस्कृति एवम धार्मिक पर्यटन पर्वर्धन गर्न  लक्ष्मीनारायण हनुमान मन्दिर निर्माण गरिनेछ साथै आगन्तुक दर्शकहरुको वसाईलाइ आनन्दमय बनाउन धर्मशाला समेतको निर्माण गरिनेछ । ।

## १७. लैंगिक समानता र सामाजिक समावेशीकरण

१) समताको आधारमा आयमूलक, सीपमूलक, रोजगारमूलक र कार्यमूलक तालिम व्यवस्था गरी क्षमता विकास गरिनेछ ।

२) लैङ्गिक हिंसा निवारणका लागि चेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।

३) हिँसा पिडित महिलालाई मनोसामाजिक परामर्श तथा पुनर्स्थापनाका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

४) लैङ्गिक हिँसा विरुद्द न्याय प्राप्ति प्रकृया बारे अवगत गराउन महिला कानुनी साक्षरता अभियान सन्चालन गरिनेछ ।

५) यस नगरपालिकाको न्यायिक समितिमा आउने महिला हिँसा सम्वन्धि उजुरीहरु सुनुवाईका लागि महिलामैत्री वातावरण मिलाइनेछ ।

६) महिला शसक्तिकरण शिक्षामा महिलाको पहुँच, महिला हिँसा, अन्ध विश्वास र रूढिवादी प्रथाका विरूद्धमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

७) महिलामाथि हुने आर्थिक सामाजिक घरयासि भेदभाव बालविवाह र अनमेल विवाहलाई निरूत्साहित गर्न वालिका सुरक्षा **सुकन्या धन योजना** र **मेयर कन्या विवाह योजना** कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

८) अपाङ्ग लक्षित कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९) जेष्ठ नागरिकको एकाङ्कीपन हटाई सरल र रमणीय जीवन बनाउन जेष्ठ नागरिक मिलन केन्द्रको विकास गरिनेछ ।

१०) सामाजिक विकृति दाइजो र बाल विवाह जस्ता कुप्राथाको निरूत्साहन गरिनेछ ।

११) उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रतिष्पर्धाका आधारमा छात्रवृत्ति दिने नीतिलाई निरन्तरता दिइनेछ ।

## १८. मानव पुँजी विकास सम्वन्धी नीति

(१) मानव पुजीलाई नगरको विकासको जिवन्त आधारका रुपमा लिई शिक्षा, स्वास्थ्य, पोषण कार्यक्रम, सिपमुलक तालिम तथा अनुभवको आदान प्रदानमा विशेष जोड दिइनेछ ।

(२) नगर क्षेत्र भित्र रहेका दक्ष अनुभवी तथा विभिन्न क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरुको सूचि तयार गरी नगरपालिकाको विकास र समृद्धीमा उनिहरुको ज्ञान र अनुभवको उपयोग गरिनेछ।

(३) मानव विकासका क्षेत्रमा कार्यरत निजि तथा गैह्र सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

(४) लोकसेवा आयोग, सार्वजनिक संस्थान लगायतका प्रतिस्पर्धात्मक परीक्षामा सहभागि हुन क्षमता विकासका लागि लोकसेवा आयोगको पाठ्यक्रममा आधारित अभिमुखिकरण कक्षा सञ्चालन गरिनेछ।

(५) पदाधिकारी तथा कर्मचारीलाई सुशासन, विकास तथा सेवाप्रवाहका क्षेत्रमा भएका नविन अभ्यासहरुबारे जानकारी लिन तथा पठन संस्कृति (Reading Culture) को विकास गर्न पुस्तकालयलाई थप व्यवस्थित बनाईनेछ ।

## १९. राजश्व सम्बन्धी नीति

(१) नगरपालिकाको राजश्व सुदृढीकरण तथा परिचालनलाई भरपर्दो बनाउनका लागि विस्तृत अध्ययन गरी सुझावहरु सिफारिस गर्न राजश्व विज्ञहरु सम्मिलित समिति गठन गरिनेछ।

(२) नगरपालिका भित्र सञ्चालित व्यापार व्यवसायलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ।

(३) सुचिकृत हुन आउने व्यवसायिक फर्म, निर्माण व्यवसायीलाई तोकिएको शुल्क लिएर मात्र सुचिकृत गरिनेछ।

(४) नगरपालिका क्षेत्रभित्र रहेका नदिजन्य पदार्थहरुको निकासी गरी राजश्व वृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

(५) माटो उत्खनन् तथा ईट्टाभट्टा व्यवसायको अनुगमन गरी कानुनको दायरामा ल्याइनेछ।

(६) नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको पर्यटन शुल्कलाई असुली गर्न लुम्बिनी विकास कोष लगायत अन्य सरोकारवाला निकायसँग समझदारी र सहकार्यका लागि पहल गरिनेछ।

(७) कर तिर्ने सोंच तथा बानी विकासका लागि करदाता शिक्षा अभियान सञ्चालन गरिनेछ।

(८) नगरपालिकामा राजस्व बुझाउन ई-पेमेन्टको व्यवस्था गरिनेछ ।

## २०. सूचना प्रविधि सम्बन्धी नीति

(१) कार्यालयमा अफिस अटोमेसन सिस्टम (Office Automation System) सञ्चालनमा ल्याउन पहल गरिनेछ।

(२) प्रत्येक वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय तथा सामूदायिक सिकाई केन्द्रहरुमा इन्टरनेट सेवाको पहुँच विस्तार गरिनेछ।

(३) नगर क्षेत्रभित्र एफ एम रेडियो सञ्चालनका लागि कानुन तर्जुमा गरी निजि क्षेत्रलाई सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रम तर्जुमाका लागि सहयोग सुझाब र सल्लाह प्रदान गर्नुहुने संघीय संसद तथा प्रदेश सभाका माननीय सदस्य्ज्युहरु श्रद्धेय नगर सभाका उपाध्यक्ष ज्यू लगायत सबै नगरसभा सदस्यज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनीतिक दल तथा संघसंस्थाहरुका पदाधिकारीहरु, पत्रकार एवं नागरिक समाज सबैलाई धन्यवाद दिन चाहन्छु । नीति कार्यान्वयनमा समेत यस्तै सृजनात्मक, सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा गरेको छु । यहाँहरुको सक्रिय सहभागिता र सघन छलफलबाट यो वार्षिक नीति तथा कार्यक्रम पारित गर्नु हुनेछ भन्ने अपेक्षा सहित छलफलमा सहभागिताका लागि अनुरोध गर्दै सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन चाहन्छु । धन्यवाद ।

**नगर सभा अध्यक्ष**